# <u>केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२</u>

**प्रमाणीकरण मिति : २०७२।११।१३**

**<u>प्रस्तावना</u>** : प्रचलित नेपाल ऐनमा नेपालको संविधानसँग तादात्म्यता नरहेका व्यवस्था र अन्य केही विषयहरुमा समेत समसामयिक सुधार गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२" रहेकोछ ।

(२) यो ऐनको दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (२), दफा ५ को उपदफा (१), दफा ६, ७, ८, ९, १०, ११, १३, दफा १४ को उपदफा (१), दफा १६, दफा १८ को उपदफा (१) र (२), दफा १९ को उपदफा (२), दफा २०, दफा २१ को उपदफा (१) र (३), दफा २२, २४, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३९, दफा ४१ को उपदफा (१), दफा ४२, दफा ४३ को उपदफा (३), (४) र (५), दफा ४८, ४९, दफा ५१ को उपदफा (१), (२), (३) र (५), दफा ५२ को उपदफा (१), दफा ५३, ५४, ५५, ५६, दफा ५७ को उपदफा (१), दफा ५८, दफा ५९, दफा ६२, दफा ६३ को उपदफा (२), दफा ६४ को उपदफा (१), दफा ६५ को उपदफा (२), दफा ६६ को उपदफा (१) र (३), दफा ६७ को उपदफा (२), दफा ६९, ७२, दफा ७३ को उपदफा (२), दफा ७४, ७५, ७७, दफा ७८ को उपदफा (२), दफा ७९, ८०, ८१, ८२, दफा ८४ को उपदफा (६), दफा ८७ को उपदफा (१) को खण्ड (ग), उपदफा (२), (५) र (८), दफा ८९ को उपदफा (१) को खण्ड (क), उपदफा (३), (४) र (५), दफा ९१, दफा ९३, ९४, ९५, ९६, ९७, ९८, दफा ९९ को उपदफा (२) र (४), दफा १००, १०१, दफा १०२ को उपदफा (२), दफा १०३ को उपदफा (२), दफा १०४, १०५, १०६, दफा १०७ को उपदफा (२), (३), (४) र (७), दफा

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

११०, १११, ११३, ११४, ११५, ११६, ११७, ११८, १२०, १२१, १२२, दफा १२५ को उपदफा (१) र (३), दफा १२६, १२७, १३१, १३३, १३४, १३५, दफा १३६ को उपदफा (२), दफा १३७, दफा १३९ को उपदफा (१) र (३), दफा १४०, दफा १४१ को उपदफा (४), दफा १४२, १४४, दफा १४५ को उपदफा (२), दफा १४६, १४८, १४९, १५०, १५१, १५२, १५३, १५४, १५५, १५६, १५७, दफा १५९ को उपदफा (४) र (५), दफा १६० को उपदफा (२), दफा १६१ को उपदफा (३), दफा १६२, १६३, १६५, दफा १६६ को उपदफा (४), दफा १६७, दफा १७२ को उपदफा (१), दफा १७३, १७४, १७६, दफा १७७ को उपदफा (२), दफा १७८, १८१, १८२, १८३, १८४, १८५, १८७, १८८, दफा १९० को उपदफा (२), दफा १९१, दफा १९३ को उपदफा (२), दफा १९४, दफा १९५ को खण्ड (ख) र (ग) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि र अन्य दफा तथा उपदफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **<u>नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा संशोधन</u>** : नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को,-

(१) दफा २ को,-

(क) खण्ड (झ) को,-

(१) उपखण्ड (ङ) को अन्तमा रहेको "र" भन्ने शब्द झिकिएको छ ।

(२) उपखण्ड (च) को सट्टा देहायको उपखण्ड (च) राखिएको छ :-

"(च) २०६३ साल माघ १ गतेदेखि २०७२ साल असोज २ गतेसम्म गरिएको वा गरिनु पर्ने कुनै कामका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ र अन्य कानून बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदलाई, र"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपखण्ड (च) पछि देहायको उपखण्ड (छ) थपिएको छ:-

“(छ) २०७२ साल असोज ३ गतेदेखि गरिएको वा गरिनु पर्ने कुनै कामका सम्बन्धमा नेपालको संविधान र अन्य कानून बमोजिम नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।”

(ख) खण्ड (ठ) मा रहेका “नेपालको अन्तरिम संविधान, २०६३” भन्ने शब्दहरु पछि “वा नेपालको संविधान” भन्ने शब्दहरु थपिएका छन् ।

(२) दफा ३ को,-

(क) खण्ड (घ) मा रहेको “र” भन्ने शब्द झिकिएको छ ।

(ख) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ:-

“(ङ) संवत् २०६५ साल साउन ८ गतेदेखि २०७२ साल असोज २ गतेसम्म बनेको ऐनको हकमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाबाट पारित भई राष्ट्रपतिले प्रमाणीकरण गरेको दिनदेखि, र”

(ग) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ:-

“(च) संवत् २०७२ साल असोज ३ गतेदेखि बनेको ऐनको हकमा नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदबाट पारित भई राष्ट्रपतिले प्रमाणीकरण गरेको दिनदेखि ।

तर नेपाल राजपत्रमा त्यस्तो ऐन प्रकाशन हुनु अगावै गरिसकेको वा नगरेको कुनै दण्डनीय कुराको हकमा त्यस्तो ऐन बमोजिम दण्ड सजाय हुँदैन ।”

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

३. **<u>आवश्यक वस्तु संरक्षण ऐन, २०१२ मा संशोधन</u>** : आवश्यक वस्तु संरक्षण ऐन, २०१२ को,–

(१) दफा ५ को दफा शीर्षकमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखी सोही दफामा रहेका "गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ८ मा रहेका "अघि सजाय पाएको रहेछ भने लेखिएको कैदको दोबर बढाई कैद गर्नु पर्छ ।" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) दफा ९ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>नागरिक अधिकार ऐन, २०१२ मा संशोधन</u>** : नागरिक अधिकार ऐन, २०१२ को,–

(१) दफा २ मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>प्रहरी ऐन, २०१२ मा संशोधन</u>** : प्रहरी ऐन, २०१२ को,-

(१) दफा २२क. मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) दफा ३३ख. को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

"(क) नेपाल सरकार, नेपाल सरकारको काम कारबाही र नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा बोलेर वा आकार, चिन्ह वा संकेतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा वा सो उद्योग गरेमा,"

६. **प्राचिन स्मारक संरक्षण ऐन, २०१३ मा संशोधन** : प्राचिन स्मारक संरक्षण ऐनको,-

(१) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

"(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका वा जिल्लासभा सम्झनु पर्छ।"

(२) दफा ५ को उपदफा (१) मा रहेका "गाउँविकास समितिको" भन्ने शब्दहरुको सट्टा "गाउँ कार्यपालिकाको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन्:-

(क) "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह"

(ख) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका"

७. **विकास समिति ऐन, २०१३ मा संशोधन** : विकास समिति ऐन, २०१३ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

८. **प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ मा संशोधन** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ को दफा ८ को उपदफा (५) मा रहेका

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

९. **<u>रेडियो ऐन, २०१४ मा संशोधन</u>** : रेडियो ऐन, २०१४ को दफा ९ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१०. **<u>गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ मा संशोधन</u>** : गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा १२ को उपदफा (४) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

११. **<u>तथ्याङ्क ऐन, २०१५ मा संशोधन</u>** : तथ्याङ्क ऐन, २०१५ को दफा १० को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१२. **<u>बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५ मा संशोधन</u>** : बिर्तावालले बिर्तामा रकम (भट्टी चर्सा आदि) लगाई लिन खान नपाउने ऐन, २०१५ को दफा ७ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **<u>बिर्ता उन्मूलन ऐन, २०१६ मा संशोधन</u>** : बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ११ को उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१४. **<u>आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ मा संशोधन</u>** : आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ७ को,-

(१) उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१५. **जलचर संरक्षण ऐन, २०१७ मा संशोधन** : जलचर संरक्षण ऐन, २०१७ को दफा ९ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१६. **जासुसी ऐन,२०१८ मा संशोधन** : जासुसी ऐन, २०१८ को दफा १० मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१७. **विष्फोटक पदार्थ ऐन, २०१८ मा संशोधन** : विष्फोटक पदार्थ ऐन, २०१८ को दफा ७ मा रहेका "प्रमुख जिल्ला अधिकारीको जिम्मामा बुझाई दिनु पर्दछ" भन्ने शब्दहरुको सट्टा "मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्छ" भन्ने शब्दहरु राखिएका छन् ।

१८. **कारागार ऐन, २०१९ मा संशोधन** : कारागार ऐन, २०१९ को,-

(१) दफा २ को खण्ड (झ) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १८ को उपदफा (४) को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा २६ को उपदफा (३) को अन्तमा "प्रमुख जिल्ला अधिकारीले गरेको त्यस्तो निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

१९. **जग्गा (नाप जाँच) ऐन, २०१९ मा संशोधन** : जग्गा (नाप जाँच) ऐन, २०१९ को,-

(१) दफा १३ मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

२०. **नेपाल वायुसेवा निगम ऐन, २०१९ मा संशोधन** : नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २५ को उपदफा (६) मा रहेका "पुनरावेदन अदालतलाई" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतलाई" भन्ने शब्दहरु राखिएका छन् ।

२१. **हुलाक ऐन, २०१९ मा संशोधन** : हुलाक ऐन, २०१९ को,-

(१) दफा ५घ. मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) दफा २२ को उपदफा (३) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ६८क. को उपदफा (३) मा रहेका "सम्बन्धित क्षेत्रीय हुलाक निर्देशनालय रहेको अञ्चलको पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

२२. **घर जग्गा कर ऐन, २०१९ मा संशोधन** : घर जग्गा कर ऐन, २०१९ को दफा १२ मा रहेका "गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका, नगरपालिका वा जिल्ला सभा" भन्ने शब्दहरु राखिएका छन् ।

२३. **गोरखापत्र संस्थान ऐन, २०१९ मा संशोधन** : गोरखापत्र संस्थान ऐन, २०१९ को दफा १७ को उपदफा (१) मा रहेको "भर" भन्ने शब्दको सट्टा "नेपालभर" भन्ने शब्द राखिएको छ ।

२४. **विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधन** : विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ११घ. को उपदफा (७) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

२५. **हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन** : हातहतियार खरखजाना ऐन, २०१९ को,-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) दफा ५ को उपदफा (२) मा रहेका “प्रमुख जिल्ला अधिकारीको छेउ बुझाइ दिनु पर्छ” भन्ने शब्दहरुको सट्टा “मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ६ को उपदफा (२) मा रहेका “प्रमुख जिल्ला अधिकारीको छेउ बुझाइ दिनु पर्छ” भन्ने शब्दहरुको सट्टा “मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ” भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १६ मा रहेका “सो कसूर सावित गर्ने प्रमुख जिल्ला अधिकारीले” भन्ने शब्दहरुको सट्टा “मुद्दा हेर्ने अधिकारीले” भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा २० को,-

(क) उपदफा (२) मा रहेका “३ वर्षदेखि ५ वर्षसम्म” भन्ने शब्दहरुको सट्टा “छ महिनादेखि एक वर्षसम्म” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (३) मा रहेका “एक वर्षदेखि तीन वर्षसम्म” भन्ने शब्दहरुको सट्टा “तीन महिना देखि नौ महिनासम्म” भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा २१ को,-

(क) उपदफा (१) मा रहेका “१ वर्षदेखि ३ वर्षसम्म” भन्ने शब्दहरुको सट्टा “तीन महिनादेखि नौ महिनासम्म” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका “६ महिनादेखि १ वर्षसम्म” भन्ने शब्दहरुको सट्टा “दुई महिनादेखि छ महिनासम्म” भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ:-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"२४. **मुद्दा हेर्ने अधिकारी** : (१) दफा २० को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।"

२६. **मुलुकी ऐनमा संशोधन** : मुलुकी ऐनको,-

(१) अदालती बन्दोबस्तको महलको २९ नम्बरको दफा ८ मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन् :-

(क) "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह"

(ख) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" ।

२७. **बिफर नियन्त्रण ऐन, २०२० मा संशोधन** : बिफर नियन्त्रण ऐन, २०२० को ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

२८. **नेपाल मेडिकल काउन्सिल ऐन, २०२० मा संशोधन** : नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा १९ को उपदफा (२) मा रहेका

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत "भन्ने शब्दहरु राखिएका छन् ।

२९. **रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० मा संशोधन** : रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा १४ को उपदफा (३) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

३०. **साझेदारी ऐन, २०२० मा संशोधन** : साझेदारी ऐन, २०२० को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

३१. **उखडा सम्बन्धी ऐन, २०२१ मा संशोधन** : उखडा सम्बन्धी ऐन, २०२१ को दफा ८ को,-

(१) उपदफा (१) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (३) मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

३२. **नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ मा संशोधन** : नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

३३. **भूमि सम्बन्धी ऐन, २०२१ मा संशोधन** : भूमि सम्बन्धी ऐन, २०२१ को,-

(१) दफा १२ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) जिल्लासभा, गाउँपालिका वा नगरपालिकाको भोगचलनमा रहेको जग्गा"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा ५५ को उपदफा (१) मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

३४. **संस्थान ऐन, २०२१ मा संशोधन** : संस्थान ऐन, २०२१ को दफा १५ को,-

(१) उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (३) झिकिएको छ ।

३५. **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ मा संशोधन** : छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३क. को स्पष्टीकरणमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

३६. **पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ मा संशोधन** : पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा २७ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

३७. **खाद्य ऐन, २०२३ मा संशोधन** : खाद्य ऐन, २०२३ को,-

(१) दफा ५ को उपदफा (३) मा रहेका "१ वर्षदेखि २ वर्षसम्म कैद" भन्ने शब्दहरुको सट्टा "सात महिनादेखि एक वर्षसम्म कैद" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११. **मुद्दा हेर्ने अधिकारी** : दफा ५ को उपदफा (४) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई र अन्य कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ:-

"१२. **पुनरावेदन** : दफा ११ बमोजिम भएको निर्णय उपर पैंतीस दिनभित्र पुनरावेदन दिन सकिनेछ र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।"

३८. **होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ मा संशोधन** : होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा ११ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

३९. **राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ मा संशोधन** : राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

४०. **स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ मा संशोधन** : स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा २९ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

४१. **चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ मा संशोधन** : चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को,-

(१) दफा ४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "जिल्ला विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) दफा १२ को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

४२. **जाँचबुझ आयोग ऐन, २०२६ मा संशोधन** : जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपाल सरकारले नेपालको संविधानको धारा १३२ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा न्याय परिषद्सँग परामर्श लिई सर्वोच्च अदालतका न्यायाधीशलाई, धारा १४३ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा उच्च अदालतको न्यायाधीशलाई र धारा १५० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित कुनै काममा जिल्ला अदालतको न्यायाधीशलाई खटाई आयोग गठन गर्न सक्नेछ । त्यस्तो आयोगमा न्यायाधीश मात्र वा अन्य व्यक्ति समेत रहन सक्नेछ र एकभन्दा बढी सदस्य रहेमा नेपाल सरकारले तोकेको न्यायाधीश आयोगको अध्यक्ष हुनेछ ।"

४३. **सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ मा संशोधन** : सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को,-

(१) दफा २ को खण्ड (क), (ख) र (घ) को सट्टा देहायका खण्ड (क), (ख) र (घ) राखिएका छन् :-

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) "सर्वोच्च अदालत" भन्नाले संविधानको धारा १२८ बमोजिमको सर्वोच्च अदालत सम्झनु पर्छ ।

(घ) "न्यायाधीश" भन्नाले सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छ ।"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा २क. मा रहेका "संविधानको धारा १०३ को उपधारा (५)" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १३१ को खण्ड (ख)" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ६ को,-

(क) उपदफा (२) मा रहेका "पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश पदमा बहाल रहेको वा बहाल गरिसकेको" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशमा बहाल रहेको वा बहाल गरिसकेको वा पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश पदमा बहाल गरिसकेको" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (८क) झिकिएको छ ।

(४) दफा ८ को उपदफा (७) मा रहेका "संवैधानिक पदमा" भन्ने शब्दहरु पछि "उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश पदमा," भन्ने शब्दहरु थपिएका छन् ।

(५) दफा ८क. को उपदफा (८) मा रहेका "संवैधानिक पदमा" भन्ने शब्दहरु पछि "उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीश पदमा," भन्ने शब्दहरु थपिएका छन् ।

४४. **केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ मा संशोधन** : केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को,-

(१) दफा ५ को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर जरिवानाको सजायले मात्र पर्याप्त नभई कैदको सजाय समेत गर्नु पर्ने देखिएमा प्रमुख जिल्ला अधिकारीले एक वर्षसम्म कैद गर्न सक्नेछ ।"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

४५. **<u>नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ मा संशोधन</u>** : नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ को दफा १८ को उपदफा (४) मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “जिल्ला अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

४६. **<u>नेपालको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७ मा संशोधन</u>** : नेपालको व्यापारिक पानी जहाजको झण्डा सम्बन्धी ऐन, २०२७ को दफा १० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

“(१) दफा ९ को उपदफा (१) बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल पानी जहाज कार्यालयको रजिष्ट्रार र सोही दफाको उपदफा (२) बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले तोकेको जिल्ला अदालतलाई हुनेछ ।”

(२) उपदफा (४) मा रहेका “पुनरावेदन अदालतमा” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकारले तोकेको जिल्ला अदालतमा” भन्ने शब्दहरु राखिएका छन् ।

४७. **<u>पानी जहाज दर्ता ऐन, २०२७ मा संशोधन</u>** : पानी जहाज दर्ता ऐन, २०२७ को दफा २६ को,-

(१) उपदफा (१) मा रहेका “नेपाल पानी जहाज कार्यालयको रजिष्ट्रारलाई” भन्ने शब्दहरुको सट्टा “नेपाल सरकारले तोकेको जिल्ला अदालतलाई” भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) र (४) झिकिएका छन् ।

४८. **<u>स्थानीय प्रशासन ऐन, २०२८ मा संशोधन</u>** : स्थानीय प्रशासन ऐन, २०२८ को,-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) दफा ५ को उपदफा (५) को खण्ड (ख) मा रहेका "जिल्ला विकास समिति" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दफा ९ को उपदफा (११) मा रहेका "जिल्ला विकास समितिको कोषमा" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका वा नगरपालिकाको कोषमा" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १०क. को उपदफा (१) मा रहेका "जिल्ला विकास समितिको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँपालिका वा नगरपालिकाको" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ११ को उपदफा (१) मा रहेका "जिल्ला विकास समिति" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ :-

(क) "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत"

(ख) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" ।

४९. **संक्षिप्त कार्यविधि ऐन, २०२८ मा संशोधन** : संक्षिप्त कार्यविधि ऐन, २०२८ को,-

(१) दफा ७ को उपदफा (२) को ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) अनुसूची-१ को खण्ड ८ झिकिएको छ ।

५०. **विवाह दर्ता ऐन, २०२८ मा संशोधन** : विवाह दर्ता ऐन, २०२८ को,-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) दफा ६ को उपदफा (३) को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेको "स्त्री" भन्ने शब्दको सट्टा "महिला" भन्ने शब्द राखिएको छ ।

५१. **<u>शिक्षा ऐन, २०२८ मा संशोधन</u>** : शिक्षा ऐन, २०२८ को,-

(१) दफा ११ को उपदफा (२) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) जिल्ला समन्वय समितिको प्रमुख - अध्यक्ष"

(ख) खण्ड (ग) झिकिएको छ ।

(२) दफा ११ट. को उपदफा (१) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) गाउँ कार्यपालिकाको अध्यक्ष -अध्यक्ष"

(ख) खण्ड (ङ) झिकिएको छ ।

(३) दफा १३ को उपदफा (१) को खण्ड (क१) झिकिएको छ ।

(४) दफा १८ को उपदफा (१) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएको छः-

(क) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका"

(ख) "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह"

५२. **<u>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन</u>** : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को,-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) दफा २५क. मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २६ को उपदफा (३), (४), (५) र (६) को सट्टा देहायका उपदफा (३), (४), (५) र (६) राखिएका छन्:-

"(३) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई पंक्षी र माछा बाहेक अन्य वन्यजन्तु शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिना देखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) संरक्षित पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा पन्ध्र हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना देखि नौ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) राष्ट्रिय निकुञ्ज, संनियमित प्राकृतिक आरक्ष, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रभित्र अनुज्ञापत्र नलिई संरक्षित पंक्षी बाहेक अन्य पंक्षी शिकार गरी मारेमा वा घाइते बनाएमा बीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(६) उपदफा (१), (२), (३), (४) र (५) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कसूर गर्ने व्यक्तिलाई बिगो कायम भएकोमा बिगोको दोब्बर जरिवाना र एक वर्षसम्म कैद र बिगो कायम नभएको कसूरमा कसूरको मात्रा हेरी बीस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।"

(३) दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएको छ :-

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

"३१. <u>मुद्दा हेर्ने अधिकारी</u> : (१) यस ऐनको दफा २६ को उपदफा (१) र (२) अर्न्तगत कसूर हुने मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अर्न्तगतको अन्य मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जिल्ला अदालत र तोकिएको अधिकारीले यस ऐन अर्न्तगतका मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम भएको निर्णय उपर पैंतीस दिनभित्र पुनरावेदन दिन सकिनेछ र तोकिएको अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।"

५३. **<u>चन्दा ऐन, २०३० मा संशोधन</u>** : चन्दा ऐन, २०३० को दफा ४ को उपदफा (३) मा रहेका "जिल्ला विकास समितिको सभापतिको" भन्ने शब्दहरुको सट्टा "जिल्ला समन्वय समितिको प्रमुखको" भन्ने शब्दहरु राखिएका छन् ।'

५४. **<u>बोनस ऐन, २०३० मा संशोधन</u>** : बोनस ऐन, २०३० को दफा २१ मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

५५. **<u>खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ मा संशोधन</u>** : खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को,-

(१) दफा ४ मा रहेका "जिल्ला विकास समितिको सभापति" भन्ने शब्दहरु झिकिएका छन् ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(२) ठाउँठाउँमा रहेका “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका” भन्ने शब्द राखिएको छ ।

५६. **मदिरा ऐन, २०३१ मा संशोधन** : मदिरा ऐन, २०३१ को दफा १५ मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

५७. **राजस्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधन** : राजस्व न्यायाधिकरण ऐन, २०३१ को,-

(१) ठाउँठाउँमा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १० खारेज गरिएको छ ।

५८. **सवारी साधन कर ऐन, २०३१ मा संशोधन** : सवारी साधन कर ऐन, २०३१ को,-

(१) दफा ११ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

“(घ) गाउँपालिका, नगरपालिका वा जिल्ला सभाको नाममा दर्ता भएको ।”

(२) दफा १२ को ठाउँठाउँमा रहेका “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका” भन्ने शब्द राखिएको छ ।

५९. **सार्वजनिक सडक ऐन, २०३१ मा संशोधन** : सार्वजनिक सडक ऐन, २०३१ को,-

(१) दफा १५ को उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

“(१) सम्बन्धित नगरपालिकाको प्रमुखले तोकेको सो नगरपालिकाको सदस्य वा सम्बन्धित गाउँपालिकाको अध्यक्ष,”

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) ठाउँठाउँमा रहेका “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका” भन्ने शब्द राखिएको छ ।

(३) दफा ३१ को उपदफा (३) मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

६०. **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधन** : कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) मा रहेका “१० वर्षसम्म कैद हुनेछ र जरिवाना समेत” भन्ने शब्दहरुको सट्टा “एक वर्षसम्म कैद हुनेछ र दश लाख रुपैयाँसम्म जरिवाना समेत” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका “३ वर्षसम्म कैद वा जरिवाना वा दुवै” भन्ने शब्दहरुको सट्टा “एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ३ को उपदफा (१) मा रहेका “५ वर्षसम्म कैद वा जरिवाना वा दुवै” भन्ने शब्दहरुको सट्टा “एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै” भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ४ मा रहेका “५ वर्षसम्म कैद वा जरिवाना वा दुवै” भन्ने शब्दहरुको सट्टा “एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै” भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ५ मा रहेका “५ वर्षसम्म कैद वा जरिवाना वा दुवै” भन्ने शब्दहरुको सट्टा “एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै” भन्ने शब्दहरु राखी सोही दफाको

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

प्रतिबन्धात्मक वाक्यांशमा रहेका “१० वर्षसम्म कैद वा जरिवाना वा दुवै” भन्ने शब्दहरुको सट्टा “एक वर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिवाना वा दुवै” भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ६ मा रहेका “२ वर्षसम्म कैद वा जरिवाना वा दुवै” भन्ने शब्दहरुको सट्टा “नौ महिनासम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै” भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ८ को उपदफा (१) झिकिएको छ ।

(७) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

“१५. **मुद्दा हेर्ने अधिकारी** : (१) दफा ७ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

(२) उपदफा (१) मा लेखिए बाहेकका अन्य दफा बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जिल्ला अदालत वा प्रमुख जिल्ला अधिकारीले यस ऐन अन्तर्गत मुद्दाको कारबाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम भएको निर्णय उपर पैंतीस दिनभित्र पुनरावेदन दिन सकिनेछ र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।”

६१. **दाना पदार्थ ऐन, २०३३ मा संशोधन** : दाना पदार्थ ऐन, २०३३ को,-

(१) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"८. **सजाय** : यो ऐन वा यस ऐन अर्न्तगत बनेको वा जारी गरिएको नियम वा आदेशको उल्लंघन गर्ने व्यक्तिलाई बीसहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिवाना वा एक महिनादेखि एकवर्षसम्म कैद हुन सक्नेछ ।"

(२) दफा १६ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

६२. **लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा संशोधन** : लागू औषध (नियन्त्रण) ऐन, २०३३ को,–

(१) दफा २१क. को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

६३. **जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ मा संशोधन** : जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को,-

(१) दफा १५ को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

६४. **सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ मा संशोधन** : सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को,-

(१) दफा १३ को दफा शीर्षकमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा १९ को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

६५. **गुठी संस्थान ऐन, २०३३ मा संशोधन** : गुठी संस्थान ऐन, २०३३ को,-

(१) दफा ३९ को उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

६६. **जग्गा प्राप्ति ऐन, २०३४ मा संशोधन** : जग्गा प्राप्ति ऐन, २०३४ को,–

(१) दफा १३ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि"

(२) दफा ४० को उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन् :-

(क) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका"

(ख) "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" ।

६७. **मालपोत ऐन, २०३४ मा संशोधन** : मालपोत ऐन, २०३४ को,-

(१) दफा ३१ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

६८. **संस्था दर्ता ऐन, २०३४ मा संशोधन** : संस्था दर्ता ऐन, २०३४ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

६९. **पर्यटन ऐन, २०३५ मा संशोधन** : पर्यटन ऐन, २०३५ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

७०. **नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ मा संशोधन** : नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ को दफा १७ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

७१. **औद्योगिक प्रशिक्षार्थी तालीम ऐन, २०३९ मा संशोधन** : औद्योगिक प्रशिक्षार्थी तालीम ऐन, २०३९ को दफा २१ को उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

७२. **राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ मा संशोधन** : राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ को दफा १४ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।"

७३. **अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ मा संशोधन** : अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को,-

(१) दफा १८ को उपदफा (३) मा रहेको "भरको" भन्ने शब्द झिकिएको छ ।

(२) दफा २१ को उपदफा (२) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

कानून तथा न्याय संसदीय मामिला मन्त्रालय

७४. **भू तथा जलाधार संरक्षण ऐन, २०३९ मा संशोधन** : भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ८ मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

७५. **नेपाल पेट्रोलियम ऐन, २०४० मा संशोधन** : नेपाल पेट्रोलियम ऐन, २०४० को दफा १९ को उपदफा (७) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

७६. **नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ मा संशोधन** : नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ३९ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

७७. **खानी तथा खनिज पदार्थ ऐन, २०४२ मा संशोधन** : खानी तथा खनिज पदार्थ ऐन, २०४२ को,-

(१) दफा २१ को उपदफा (३) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) दफा २५ को उपदफा (७) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

७८. **लुम्बिनी विकास कोष ऐन, २०४२ मा संशोधन** : लुम्बिनी विकास कोष ऐन, २०४२ को,-

(१) दफा ११क. को उपदफा (१) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

(२) दफा १८ मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

७९. **पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ मा संशोधन** : पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को,-

(१) दफा ८ को उपदफा ८.२ को खण्ड ८.२.८ झिकिएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा १७ को उपदफा १७.६ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

८०. **नगर विकास ऐन, २०४५ मा संशोधन** : नगर विकास ऐन, २०४५ को,–

(१) दफा २० को उपदफा २०.२ को खण्ड २०.२.१ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन् :-

(क) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका"

(ख) "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" ।

८१. **काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ मा संशोधन :** काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को,-

(१) दफा १४ को उपदफा १४.३ को खण्ड १४.३.६ मा रहेका "तीन गाउँ विकास समितिका अध्यक्षहरु" भन्ने शब्दहरुको सट्टा "गाउँ कार्यपालिकाका एकजना अध्यक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २३ को उपदफा २३.२ को खण्ड २३.२.१ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

८२. **नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा संशोधन** : नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २० को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

८३. **सार्वजनिक सुरक्षा ऐन, २०४६ मा संशोधन** : सार्वजनिक सुरक्षा ऐन, २०४६ को दफा १० को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

८४. **न्याय परिषद् ऐन, २०४७ मा संशोधन** : न्याय परिषद् ऐन, २०४७ को,-

(१) दफा २ को खण्ड (क), (ख) र (ङ) को सट्टा देहायका खण्ड (क), (ख) र (ङ) राखिएका छन् :-

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) "परिषद्" भन्नाले संविधानको धारा १५३ बमोजिम गठन भएको न्याय परिषद् सम्झनु पर्छ ।

(ङ) "जाँचबुझ समिति" भन्नाले संविधानको धारा १५३ को उपधारा (५) बमोजिम गठन हुने जाँचबुझ समिति सम्झनु पर्छ ।"

(२) दफा ४क. को उपदफा (१) मा रहेका "संविधानको धारा १०९ को उपधारा (१०)" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ग) र धारा १४९ को उपधारा (६) को खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ५ को उपदफा (१) मा रहेका "संविधानको धारा १०९ को उपधारा (१०)" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ग) र धारा १४९ को उपधारा (६) को खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ६ को उपदफा (१) मा रहेका "संविधानको धारा १०९ को उपधारा (१०)" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ग) र धारा १४९ को उपधारा (६) को खण्ड (ग)" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ८ को उपदफा (१) मा रहेका "संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम निर्णय गर्नेछ" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १४२ को उपधारा (१) को

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

खण्ड (ग) वा धारा १४९ को उपधारा (६) को खण्ड (ग) बमोजिम सिफारिस गर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(६) ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

८५. **<u>नेपाल सन्धि ऐन, २०४७ मा संशोधन</u>** : नेपाल सन्धि ऐन, २०४७ को,-

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।"

(२) दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:-

"१०. **<u>व्यवस्थापिका-संसद्मा पेश गर्नु पर्ने</u>** : दफा ६ बमोजिम नेपाल सरकारले स्वीकार गरेका सन्धिहरुको सूचना व्यवस्थापिका-संसद्को बैठक बसेको एक महिना भित्र जानकारीको लागि व्यवस्थापिका-संसद्मा पेश गर्नु पर्नेछ ।"

(३) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन्:-

(क) "संविधानको धारा १५६ को उपधारा (२)" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा २७९ को उपधारा (२)"

(ख) "संविधान सभा" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद्" ।

८६. **<u>अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा संशोधन</u>** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) खण्ड (ख) मा रहेका "संविधानको धारा ११९" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा २३८" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ४ को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (क) र (ख) मा रहेका "संविधानको धारा १२० को उपधारा (१)" र "संविधानसभा" भन्ने शब्दहरुको सट्टा क्रमशः "संविधानको धारा २३९ को उपधारा (१)" र "व्यवस्थापिका-संसद्" भन्ने शब्दहरु राखिएका छन् ।

८७. **न्याय प्रशासन ऐन, २०४८ मा संशोधन** : न्याय प्रशासन ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) र (ग) को सट्टा देहायका खण्ड (क) र (ग) राखिएका छन्:-

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ग) "उच्च अदालतको न्यायाधीश" भन्नाले उच्च अदालतको मुख्य न्यायाधीशलाई समेत जनाउँछ ।"

(२) दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ:-

"५. **उच्च अदालतको स्थापना** : (१) नेपालको प्रत्येक प्रदेशमा एक उच्च अदालत रहने छ ।

(२) उच्च अदालतको मुकाम न्याय परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले तोके बमोजिम हुनेछ ।"

(३) दफा ६ को उपदफा (२) झिकिएको छ ।

(४) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ:-

"७. **जिल्ला अदालतको अधिकारक्षेत्र** : (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतलाई

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार हुनेछ ।

(२) जिल्ला अदालतलाई आफ्नो अधिकारक्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानून प्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकता अनुसार बन्दी प्रत्यक्षीकरण, निषेधाज्ञाको आदेश जारी गर्ने र कानून बमोजिमका अन्य निवेदन हेर्ने अधिकार हुनेछ ।

(३) जिल्ला अदालतलाई स्थानीयस्तरका न्यायिक निकाय र आफ्नो अधिकारक्षेत्र भित्रका अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने अधिकार हुनेछ ।"

(५) दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छ :-

"२६. **निर्णय गर्ने** : संविधानको धारा ३०० को उपधारा (४) बमोजिम उच्च अदालतमा सरेका मुद्दा, तत्सम्बन्धी निवेदन र प्रतिवेदन उच्च अदालतले यो दफा प्रारम्भ हुँदा लागू रहेको कानूनको अधीनमा रही निर्णय गर्नेछ ।"

(६) दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. **मुद्दाको कारबाही र किनारा गर्न बाधा नपर्ने** : (१) यो दफा प्रारम्भ हुनु अघि कुनै अधिकारी वा निकायले गरेको फैसला वा अन्तिम आदेश उपर तत्काल प्रचलित कानून बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने रहेछ र त्यस्तो फैसला वा अन्तिम आदेश उपर यस ऐन बमोजिम जिल्ला अदालतमा पुनरावेदन लाग्ने भएमा र पुनरावेदन अदालतमा पुनरावेदन परिनसकेको भए त्यस्तो

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

फैसला वा अन्तिम आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै अधिकारी वा निकायले गरेको आदेश वा फैसला उपर तत्काल प्रचलित कानून बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन वा पुनरावेदन परी विचाराधीन रहेको मुद्दा त्यस्तो पुनरावेदन सुन्ने अदालतबाटै कारबाही गरी किनारा गर्न कुनै बाधा पर्ने छैन ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत तत्काल प्रचलित कानून बमोजिम पुनरावेदन अदालतमा दर्ता भई शुरु कारबाहीको क्रममा रहेका मुद्दा त्यस्तो अदालतबाटै कारबाही र किनारा गर्न बाधा पर्ने छैन ।"

(७) दफा २८ खारेज गरिएको छ ।

(८) दफा ३३ बाहेकको ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

८८. **<u>न्याय सेवा आयोग ऐन, २०४८ मा संशोधन</u>** : न्याय सेवा आयोग ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा १५४ बमोजिमको न्याय सेवा आयोग सम्झनु पर्छ ।"

(२) दफा ३ मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

“७. **आयोगले परीक्षा सञ्चालन गर्ने** : (१) संविधानको धारा १४९ को उपधारा (२) को खण्ड (ख) र (ग) बमोजिम जिल्ला न्यायाधीशको पदमा नियुक्तिको लागि न्याय परिषद्मा सिफारिस गर्न उम्मेदवारको छनौटको लागि आयोगले तोकिए बमोजिम परीक्षा सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिइने परीक्षाको लागि आवश्यक पाठ्यक्रम आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।”

८९. **पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ मा संशोधन** : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

“(क) “उच्च अदालतको न्यायाधीश” भन्नाले नेपालको संविधानको धारा १४० बमोजिम नियुक्त भएको उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश सम्झनु पर्छ ।

(ख) खण्ड (ख) मा रहेका “नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ बमोजिम” भन्ने शब्दहरुको सट्टा “नेपालको संविधानको धारा १४९ बमोजिम” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २क. मा रहेका “संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ख) को” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा १४२ को उपधारा (१) को खण्ड (ख) र धारा १४९ को उपधारा (६) को खण्ड (ख) को” भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) दफा २८ को उपदफा (४) मा रहेका "क्षेत्रीय अदालत" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय अदालत वा पुनरावेदन अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(४) लामो शीर्षक तथा ठाउँठाउँमा रहेका "पुनरावेदन तथा जिल्ला अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च तथा जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(५) ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

९०. **<u>लेखापरीक्षण ऐन, २०४८ मा संशोधन</u>** : लेखापरीक्षण ऐन, २०४८ को,-

(१) दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "सरकारी कार्यालय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद् वा व्यवस्थापिका संसद्, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका संघीय, प्रदेश र स्थानीय स्तरका सबै सरकारी कार्यालय सम्झनु पर्छ ।"

(२) दफा १० मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

९१. **<u>सहकारी ऐन, २०४८ मा संशोधन</u>** : सहकारी ऐन, २०४८ को दफा ४५ मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

९२. **<u>सर्वोच्च अदालत ऐन, २०४८ मा संशोधन</u>** : सर्वोच्च अदालत ऐन, २०४८ को,-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(१) दफा २ को खण्ड (क) र (ग) को सट्टा देहायका खण्ड (क) र (ग) राखिएका छन् :-

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ग) "न्यायाधीश" भन्नाले सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छ र सो शब्दले प्रधान न्यायाधीशलाई समेत जनाउँछ ।"

(२) दफा ४ को उपदफा (१) मा रहेका "अधिकारको प्रयोग" भन्ने शब्दहरु पछि "संवैधानिक इजलास," भन्ने शब्दहरु थपिएका छन् ।

(३) दफा ११ को उपदफा (२) को खण्ड (ग) मा रहेका "संविधानको धारा १०७" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा १३३" भन्ने शब्दहरु राखिएका छन् ।

९३. **श्रम ऐन, २०४८ मा संशोधन** : श्रम ऐन, २०४८ को दफा ६० को खण्ड (क) र (ख) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

९४. **बालबालिका सम्बन्धी ऐन, २०४८ मा संशोधन** : बालबालिका सम्बन्धी ऐन, २०४८ को,-

(१) दफा ४ को उपदफा (२) मा रहेका "स्थानीय निकायहरु" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहहरु" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ५६ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

९५. **समाज कल्याण ऐन, २०४९ मा संशोधन** : समाज कल्याण ऐन, २०४९ को दफा १६ को उपदफा (३) मा रहेका "स्थानीय निकायको" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन् ।

९६. **अध्यागमन ऐन, २०४९ मा संशोधन** : अध्यागमन ऐन, २०४९ को दफा ११ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

९७. **औद्योगिक व्यवसाय ऐन, २०४९ मा संशोधन** : औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

९८. **ट्रेड यूनियन ऐन, २०४९ मा संशोधन** : ट्रेड यूनियन ऐन, २०४९ को दफा २९ को उपदफा (१) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

९९. **निजामती सेवा ऐन, २०४९ मा संशोधन** : निजामती सेवा ऐन, २०४९ को,-

(१) दफा ८ को उपदफा (२) झिकिएको छ ।

(२) दफा १८क. को उपदफा (४) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ६१ को उपदफा (१) को खण्ड (झ) झिकिएको छ ।

(४) दफा ६९ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१००. **बिमा ऐन, २०४९ मा संशोधन** : बिमा ऐन, २०४९ को दफा ३७ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१०१. **राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन** : राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १८ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१०२. **सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा संशोधन** : सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "र जिल्ला सरकारी वकील कार्यालय" भन्ने शब्दहरुको सट्टा ", विशेष सरकारी वकील

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

कार्यालय र जिल्ला सरकारी वकील कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ८ मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(३) दफा १७ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर नेपालको संविधानको धारा १५८ को उपधारा (२) बमोजिम महान्यायाधिवक्ताले आफ्नो अधिकार सोही धाराको उपधारा (७) बमोजिम सरकारी वकीललाई सुम्पिएकोमा सम्बन्धित सरकारी वकीलले त्यसरी सुम्पिएको अधिकार बमोजिम निर्णय गर्नेछ ।"

१०३. **<u>सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा संशोधन</u>** : सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को,-

(१) दफा १०७ को उपदफा (३) मा रहेको "संविधानसभा" भन्ने शब्दको सट्टा "व्यवस्थापिका-संसद" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १७१ को उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) अनुसूची-२ को द्रष्टव्य १क. मा रहेका "संविधान सभाका अध्यक्ष तथा उपाध्यक्ष" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसदका सभामुख तथा उपसभामुख" भन्ने शब्दहरु राखिएका छन् ।

१०४. **<u>स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ मा संशोधन</u>** : स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को,-

(१) दफा ७ को,-

(क) उपदफा (१) को खण्ड (ञ) झिकिएको छ ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) उपदफा (३) मा रहेको “(ञ)” भन्ने शब्द झिकिएको छ ।

(२) दफा १० को उपदफा (१) को खण्ड (क) को उपखण्ड (२) झिकिएको छ ।

(३) दफा १४ मा रहेका “जिल्ला विकास समिति र” भन्ने शब्दहरु झिकिएका छन् ।

(४) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन् :-

(क) “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह”

(ख) “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका”

१०५. **जलस्रोत ऐन, २०४९ मा संशोधन** : जलस्रोत ऐन, २०४९ को दफा २३ मा रहेका “पुनरावेदन अदालतमा” भन्ने शब्दहरुको सट्टा “उच्च अदालतमा” भन्ने शब्दहरु राखिएका छन् ।

१०६. **विद्युत ऐन, २०४९ मा संशोधन** : विद्युत ऐन, २०४९ को दफा ३९ मा रहेका “पुनरावेदन अदालतमा” भन्ने शब्दहरुको सट्टा “उच्च अदालतमा” भन्ने शब्दहरु राखिएका छन् ।

१०७. **वन ऐन, २०४९ मा संशोधन** : वन ऐन, २०४९ को,-

(१) दफा ५ को उपदफा (३) मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “जिल्ला अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ९ को,-

(क) खण्ड (ख) झिकिएको छ ।

(ख) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

“(ग) सम्बन्धित गाउँ कार्यपालिकाको अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख -सदस्य”

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

(३) दफा ३३ को उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ४८क. को,-

(क) उपदफा (१) मा रहेका "जिल्ला विकास समितिको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँपालिका वा नगरपालिकाको" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "जिल्ला विकास समितिको कोषमा जम्मा भएको रकम मध्येबाट पचास प्रतिशत रकम जिल्ला विकास समितिले" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका वा नगरपालिकाको कोषमा जम्मा भएको रकम मध्येबाट पचास प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाले" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ५७ को उपदफा (४) मा रहेको "स्वास्नीमानिस" भन्ने शब्दको सट्टा "महिला" भन्ने शब्द राखिएको छ ।

(६) दफा ६५ को उपदफा (३) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(७) ठाउँठाउँमा रहेका ‘‘गाउँविकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

१०८. **<u>निजीकरण ऐन, २०५० मा संशोधन</u>** : निजीकरण ऐन, २०५० को ठाउँठाउँमा रहेका "(संविधानसभा)" भन्ने शब्दहरुको सट्टा ",व्यवस्थापिका-संसद्" भन्ने शब्दहरु राखिएका छन् ।

१०९. **<u>नेपाल स्काउट ऐन, २०५० मा संशोधन</u>** : नेपाल स्काउट ऐन, २०५० को दफा ७ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

"(ग) व्यवस्थापिका-संसद्का सदस्यहरुमध्येबाट तीन जना -सदस्य"

११०. **पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० मा संशोधन** : पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (ण) झिकिएको छ ।

(२) दफा १४ को उपदफा (१) को खण्ड (च) झिकिएको छ ।

(३) दफा ३१ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) गाउँपालिका वा नगरपालिकाबाट प्राप्त सहयोग एवं अनुदानको रकम,"

१११. **श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ मा संशोधन** : श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

११२. **महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ मा संशोधन** : महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को,-

(१) दफा २ मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३४ को उपधारा (१) बमोजिम" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १३ मा रहेका "दशैं खर्च" भन्ने शब्दहरुको सट्टा "चाडपर्व खर्च" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय, संसदीय मामिला मन्त्रालय

(३) दफा १५ को उपदफा (२) मा रहेका “मन्त्रिपरिषद्को सचिवालय” भन्ने शब्दहरुको सट्टा “प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय” भन्ने शब्दहरु राखिएका छन् ।

(४) अनुसूची २क. मा रहेका “नेपालको अन्तरिम संविधान, २०६३” भन्ने शब्दहरुको सट्टा “नेपालको संविधान” भन्ने शब्दहरु राखिएका छन् ।

११३. **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ को उपदफा (१) को खण्ड (ङ) मा रहेका “स्थानीय निकायहरुबाट” भन्ने शब्दहरुको सट्टा “स्थानीय तहहरुबाट” भन्ने शब्दहरु राखिएका छन् ।

११४. **राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधन** : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २१ मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

११५. **नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ मा संशोधन** : नेपाल नर्सिङ्ग परिषद् ऐन, २०५२ को दफा २९क. मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

११६. **नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ मा संशोधन** : नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ को दफा ३१ मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

११७. **पोखरा विश्वविद्यालय ऐन, २०५३ मा संशोधन** : पोखरा विश्वविद्यालय ऐन, २०५३ को दफा ७ को उपदफा (२) को खण्ड (ढ) झिकिएको छ ।

११८. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ मा संशोधन** : नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को ठाउँठाउँमा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

११९. **<u>संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ मा संशोधन</u>** : संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को,-

(१) दफा २ को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) "संवैधानिक निकायका पदाधिकारी" भन्नाले नेपालको संविधान बमोजिम नियुक्त हुने संवैधानिक निकायका प्रमुख पदाधिकारी र पदाधिकारी सम्झनु पर्छ ।

(ख) "प्रमुख पदाधिकारी" भन्नाले नेपालको संविधान बमोजिम नियुक्त हुने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त, महालेखा परीक्षक, लोक सेवा आयोगको अध्यक्ष, निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त, राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको अध्यक्ष, राष्ट्रिय महिला आयोगको अध्यक्ष, राष्ट्रिय दलित आयोगको अध्यक्ष, राष्ट्रिय समावेशी आयोगको अध्यक्ष, आदिवासी जनजाति आयोगको अध्यक्ष, मधेशी आयोगको अध्यक्ष, थारु आयोगको अध्यक्ष र मुस्लिम आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले नेपालको संविधान बमोजिम नियुक्त हुने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त, लोक सेवा आयोगको सदस्य, निर्वाचन आयोगको निर्वाचन आयुक्त, राष्ट्रिय मानव अधिकार आयोगको सदस्य, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सदस्य, राष्ट्रिय महिला आयोगको सदस्य, राष्ट्रिय दलित आयोगको सदस्य, राष्ट्रिय समावेशी आयोगको सदस्य, आदिवासी जनजाति

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

आयोगको सदस्य, मधेशी आयोगको सदस्य, थारु आयोगको सदस्य र मुस्लिम आयोगका सदस्य सम्झनु पर्छ ।"

(२) दफा १४ को ठाउँठाउँमा रहेका "दशैं खर्च" भन्ने शब्दहरुको सट्टा "चाडपर्व खर्च" भन्ने शब्दहरु राखिएका छन् ।

(३) अनुसूचीमा रहेका "नेपालको अन्तरिम संविधान २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

१२०. **<u>वातावरण संरक्षण ऐन, २०५३ मा संशोधन</u>** : वातावरण संरक्षण ऐन, २०५३ को दफा १९ मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

१२१. **<u>उपभोक्ता संरक्षण ऐन, २०५४ मा संशोधन</u>** : उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २५ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१२२. **<u>कानूनी सहायता सम्बन्धी ऐन, २०५४ मा संशोधन</u>** : कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा ७ को उपदफा (१) को खण्ड (क) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१२३. **<u>संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ मा संशोधन</u>** : संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ को दफा ३२ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१२४. **<u>आर्थिक कार्यविधि ऐन, २०५५ मा संशोधन</u>** : आर्थिक कार्यविधि ऐन, २०५५ को,-

(१) दफा २ को,-

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) खण्ड (क) मा रहेका “नेपालको अन्तरिम संविधान, २०६३” भन्ने शब्दहरुको सट्टा “नेपालको संविधान” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेका “संविधानको धारा ९० बमोजिमको सञ्चित कोष वा सरकारी कोष” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा ११७ बमोजिमको संघीय सञ्चित कोष वा संघीय सरकारी कोष” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ५ को उपदफा (२) मा रहेका “संविधानको धारा ९३ को उपधारा (२) बमोजिम” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा ११९ को उपधारा (२) बमोजिम” भन्ने शब्दहरु राखिएका छन् ।

१२५. **भवन ऐन, २०५५ मा संशोधन** : भवन ऐन, २०५५ को,-

(१) दफा १३ को उपदफा (१) र दफा १४ को उपदफा (१) मा रहेका “गाउँ विकास” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका” भन्ने शब्द राखिएको छ ।

(२) दफा १५ र १६ मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “जिल्ला अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँठाउँमा रहेका “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका” भन्ने शब्दहरु राखिएका छन् ।

१२६. **मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ मा संशोधन** : मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ को दफा २७ को उपदफा (३) मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

१२७. **मध्यस्थता ऐन, २०५५ मा संशोधन** : मध्यस्थता ऐन, २०५५ को ठाउँठाउँमा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१२८. **पशु वधशाला र मासु जाँच ऐन, २०५५ मा संशोधन** : पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"२१. **मुद्दा हेर्ने अधिकार** : यस ऐन अर्न्तगतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र प्रमुख जिल्ला अधिकारीको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

१२९. **पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा संशोधन** : पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २४ को सट्टा देहायको दफा २४ राखिएको छ :-

"२४. **पुनरावेदन** : दफा २२ बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।"

१३०. **व्यवस्थापिका-संसदका महासचिव तथा सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ मा संशोधन** : व्यवस्थापिका-संसदका महासचिव तथा सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५ को,-

(१) ठाउँठाउँमा रहेका "संविधान सभाको अध्यक्ष" भन्ने शब्दहरुको सट्टा "सभामुख" भन्ने शब्द राखिएको छ।

(२) अनुसूची-२क. मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन्।

१३१. **बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ मा संशोधन** : बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ को,-

(१) दफा ६ को उपदफा (१) को खण्ड (झ) झिकिएको छ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा ९ को उपदफा (२) को खण्ड (ख) झिकिएको छ ।

(३) दफा ११ को खण्ड (ग) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा १५ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा १६ को उपदफा (१) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(६) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्दहरु राखिएका छन् ।

१३२. **करार ऐन, २०५६ मा संशोधन** : करार ऐन, २०५६ को दफा ८७ को उपदफा (१) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१३३. **बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ मा संशोधन** : बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ को,-

(१) दफा २० को उपदफा (१) को खण्ड (घ) मा रहेका "गाउँविकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१३४. **अन्तःशुल्क ऐन, २०५८ मा संशोधन** : अन्तःशुल्क ऐन, २०५८ को दफा १२ को उपदफा (४) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्दहरु राखिएका छन् ।

१३५. **आयकर ऐन, २०५८ मा संशोधन** : आयकर ऐन, २०५८ को दफा २ को,-

(१) खण्ड (ध) को उपखण्ड (४) को सट्टा देहायको उपखण्ड (४) राखिएको छ :-

"(४) गाउँपालिका, नगरपालिका वा जिल्ला सभा,"

(२) खण्ड (भ) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छ :-

"(२) गाउँपालिका, नगरपालिका वा जिल्ला सभा,"

(३) खण्ड (कङ) को उपखण्ड (५) को सट्टा देहायको उपखण्ड (५) राखिएको छ :-

"(५) गाउँपालिका, नगरपालिका वा जिल्ला सभा,"

१३६. **नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन** : नेपाल राष्ट्र बैंक ऐन, २०५८ को,-

(१) दफा १०४ को उपदफा (१) मा रहेका "बैंकले भित्र वा बाहिरका" भन्ने शब्दहरुको सट्टा "बैंकले नेपाल भित्र वा बाहिरका" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१३७. **बैंङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ मा संशोधन** : बैंङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ९ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१३८. **राजनीतिक दल सम्बन्धी ऐन, २०५८ मा संशोधन** : राजनीतिक दल सम्बन्धी ऐन, २०५८ को,-

(१) दफा २ को खण्ड (ङ) मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२८" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा २४५" भन्ने शब्दहरु राखिएका छन् ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा १० को उपदफा (३) मा रहेका "संविधानसभा वा स्थानीय निकायको" भन्ने शब्दहरुको सट्टा "संघीय संसद्, प्रदेशसभा र स्थानीय तहको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १५ मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा २७१" भन्ने शब्दहरु राखिएका छन् ।

(४) ठाउँठाउँमा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

१३९. <u>**कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ मा संशोधन**</u> : कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को,-

(१) दफा ८ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) जिल्ला समन्वय समितिको प्रमुख -अध्यक्ष"

(२) दफा १८ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा २१ मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

१४०. <u>**सडक बोर्ड ऐन,२०५८ मा संशोधन**</u> : सडक बोर्ड ऐन, २०५८ को दफा ८ को उपदफा (२) को खण्ड (च) झिकिएको छ ।

१४१. <u>**सशस्त्र प्रहरी ऐन, २०५८ मा संशोधन**</u> : सशस्त्र प्रहरी ऐन, २०५८ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४५ बमोजिमको" भन्ने शब्दहरुको सट्टा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

“नेपालको संविधानको धारा २६६ बमोजिमको” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ट) मा रहेको “अखण्डता” भन्ने शब्दको सट्टा “भौगोलिक अखण्डता, संघीय इकाईबीचको सम्बन्ध” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ११ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छ :-

“(४क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पदपूर्तिको लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।”

(३) दफा २७ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

“(ख) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर, बोलेर वा संकेतद्वारा वा अरु कुनै किसिमबाट कुनै काम कुरा गरे गराएमा,”

(४) दफा ३३ मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

(५) ठाउँठाउँमा रहेका “सशस्त्र प्रहरी बल” भन्ने शब्दहरुको सट्टा “सशस्त्र प्रहरी बल, नेपाल” भन्ने शब्दहरु राखिएका छन् ।

१४२. **विद्युत चोरी नियन्त्रण ऐन, २०५८ मा संशोधन** : विद्युत चोरी नियन्त्रण ऐन, २०५८ को दफा १२ को उपदफा (३) मा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

१४३. **महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ मा संशोधन** : महाभियोग (कार्यविधि नियमित गर्ने) ऐन, २०५९ को,-

(१) प्रस्तावनामा रहेका "नेपालको अन्तरिम संविधान २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

(क) "संवैधानिक पदाधिकारी" भन्नाले नेपालको संविधानको धारा २८४ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा नियुक्त भएको प्रधान न्यायाधीश, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी सम्झनु पर्छ र सो शब्दले सर्वोच्च अदालतको न्यायाधीश र नेपालको संविधानको धारा १५३ को उपधारा (१) को खण्ड (घ) र (ङ) बमोजिमका न्याय परिषद्का सदस्य समेतलाई जनाउँछ ।"

१४४. **विशेष अदालत ऐन, २०५९ मा संशोधन** : विशेष अदालत ऐन, २०५९ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१४५. **प्रतिलिपि अधिकार ऐन, २०५९ मा संशोधन** : प्रतिलिपि अधिकार ऐन, २०५९ को,-

(१) दफा ३१ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ३३ मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

१४६. **कम्पनी ऐन, २०६३ मा संशोधन** : कम्पनी ऐन, २०६३ को दफा १६९ को उपदफा (७) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१४७. **केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ मा संशोधन** : केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ को,-

(१) दफा २ को खण्ड (क) को उपखण्ड (६) मा रहेका "संविधानसभा वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) दफा ३ को उपदफा (१) मा रहेको "संविधानसभा" भन्ने शब्दको सट्टा "व्यवस्थापिका-संसद" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **व्यवस्थापिका-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरण** : (१) नेपालको संविधान तथा अन्य प्रचलित कानून बमोजिम व्यवस्थापिका-संसदद्वारा पारित प्रस्तावको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणिक प्रतिको आधारमा व्यवस्थापिका-संसदका महासचिव वा सचिव वा महासचिवले तोकेको राजपत्रांकित अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ ।"

(४) दफा ५ को उपदफा (१) मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१)" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा ११४ को उपधारा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

(५) दफा ५क. को उपदफा (१) मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

(६) दफा ८ को ठाउँठाउँमा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१४८. **खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ मा संशोधन** : खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को,-

(१) दफा ११ को उपदफा (२) को खण्ड (ग) झिकिएको छ ।

(२) दफा २७ को उपदफा (५) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

१४९. **खानेपानी महसूल निर्धारण आयोग ऐन, २०६३ मा संशोधन** : खानेपानी महसूल निर्धारण आयोग ऐन, २०६३ को दफा १५ को उपदफा (२) को खण्ड (क) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१५०. **गरीबी निवारण कोष ऐन, २०६३ मा संशोधन** : गरीबी निवारण कोष ऐन, २०६३ को,-

(१) दफा ११ को उपदफा (२) को खण्ड (घ), (ङ), (च) र (छ) झिकिएका छन् ।

(२) दफा २९ को ठाउँठाउँमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

१५१. **धितोपत्र सम्बन्धी ऐन, २०६३ मा संशोधन** : धितोपत्र सम्बन्धी ऐन, २०६३ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१५२. **नेपाल नागरिकता ऐन, २०६३ मा संशोधन** : नेपाल नागरिकता ऐन, २०६३ को,-

(१) ठाउँठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा १४ को उपदफा (२) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१५३. **दामासाही सम्बन्धी ऐन, २०६३ मा संशोधन** : दामासाही सम्बन्धी ऐन, २०६३ को दफा ४८ को उपदफा (५) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१५४. **पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ मा संशोधन** : पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा २८ को उपदफा (४) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

१५५. **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ मा संशोधन** : बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१५६. **विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ मा संशोधन** : विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१५७. **सार्वजनिक खरिद ऐन, २०६३ मा संशोधन** : सार्वजनिक खरिद ऐन, २०६३ को,-

(१) दफा २ को खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राखिएको छः-

"(ण) "स्थानीय तह" भन्नाले प्रचलित कानून बमोजिम गठित गाउँपालिका, नगरपालिका वा जिल्लासभा सम्झनु पर्छ ।"

(२) दफा ४८ को उपदफा १ को खण्ड (क) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) ठाउँठाउँमा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

१५८. **<u>नेपाल कानून आयोग ऐन, २०६३ मा संशोधन</u>** : नेपाल कानून आयोग ऐन, २०६३ को,-

(१) दफा ४ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायका खण्ड (ख) राखिएको छ :-

"(ख) सभापति, विधायन समिति, व्यवस्थापिका-संसद्- सदस्य"

(२) दफा ९ मा रहेका "संविधान सभाको कानून, न्याय तथा संविधानसभा सम्बद्ध समितिका" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद्को विधायन समितिका" भन्ने शब्दहरु राखिएका छन् ।

१५९. **<u>निर्वाचन आयोग ऐन, २०६३ मा संशोधन</u>** : निर्वाचन आयोग ऐन, २०६३ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।"

(ख) खण्ड (ख) मा रहेका "संविधानको धारा १२८" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा २४५" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (घ) मा रहेका "संविधानको धारा ६३ बमोजिम गठन हुने संविधानसभाको सदस्य" भन्ने शब्दहरुको सट्टा "संविधानको धारा २४६ को उपधारा (१) बमोजिमको निर्वाचन" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) खण्ड (छ) मा रहेका “संविधानको धारा १४२” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा २७१” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १८ को उपदफा (१) मा रहेको “संविधानसभा” भन्ने शब्दको सट्टा “संघीय संसद वा प्रदेशसभा” भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका “संविधानको धारा ६५” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा ८७ र १७८” भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा १९ को उपदफा (३) झिकिएको छ ।

(४) दफा ४१ को उपदफा (४) मा रहेका “इलाकाको पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “प्रदेशको उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

(५) ठाउँठाउँमा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

१६०. **निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मा संशोधन** : निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

“(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।”

(ख) खण्ड (ज) मा रहेका “संविधानको धारा १२८” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा २४५” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा १९ को,-

(क) उपदफा (३) मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

(ख) उपदफा (५) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा २५ को,-

(क) उपदफा (१) झिकिएको छ ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) दफा २१ बमोजिम सजाय हुने कसूर र परिच्छेद-५ बमोजिमको निर्वाचन बदर सम्बन्धी मुद्दाको कारवाही तथा किनारा यस ऐन बमोजिम तोकिएको अदालतले गर्नेछ ।"

१६१. **<u>मतदाता नामावली सम्बन्धी ऐन, २०६३ मा संशोधन</u>** : मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को,-

(१) दफा (२) को खण्ड (ख) मा रहेका "संविधानसभा सदस्यको निर्वाचन" भन्ने शब्दहरुको सट्टा "संघीय संसद्का सदस्य, प्रदेशसभाका सदस्यको निर्वाचन" भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ३३ को उपदफा (१) मा रहेका "संविधानसभा सदस्य" भन्ने शब्दहरुको सट्टा "संघीय संसद्का सदस्य वा प्रदेशसभाका सदस्य" भन्ने शब्दहरु राखिएका छन् ।

(३) ठाउँठाउँमा रहेका देहायको शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन् :-

(क) "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह"

(ख) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" ।

१६२. **<u>राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ मा संशोधन</u>** : राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१६३. **ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा संशोधन** : ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को,-

(१) दफा १३ को उपदफा (१) को खण्ड (झ) झिकिएको छ ।

(२) दफा १५ को उपदफा (१) को खण्ड (क) र (ग) को सट्टा देहायका खण्ड (क) र (ग) राखिएका छन् :-

"(क) जिल्ला समन्वय समितिको प्रमुख -अध्यक्ष

(ग) गाउँ कार्यपालिकाको अध्यक्ष र नगर कार्यपालिकाको प्रमुखमध्येबाट जिल्ला ज्येष्ठ नागरिक कल्याण समितिले मनोनयन गरेको एकजना प्रतिनिधि -सदस्य"

(३) दफा २८ मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "उच्च अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

(४) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन् :-

(क) "गाउँ विकास समितिको अध्यक्ष" भन्ने शब्दहरुको सट्टा "गाउँ कार्यपालिकाको अध्यक्ष"

(ख) "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका"

१६४. **राष्ट्रिय महिला आयोग ऐन, २०६३ मा संशोधन** : राष्ट्रिय महिला आयोग ऐन, २०६३ को दफा ७ को उपदफा (२) को खण्ड (ख) झिकिएको छ ।

१६५. **लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ मा संशोधन** : लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ को दफा ७ को उपदफा (२) को खण्ड (थ) झिकिएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१६६. **सैनिक ऐन, २०६३ मा संशोधन** : सैनिक ऐन, २०६३ को,-

(१) दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि नेपाली सेनाको स्थापना गरिनेछ ।"

(२) दफा ६ को,-

(क) उपदफा (३) मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (४) झिकिएको छ ।

(३) दफा १२ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर पदपूर्तिको लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ ।"

(४) दफा ११९ को उपदफा (१) को खण्ड (क) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(५) अनुसूची-२ मा रहेका "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरु राखिएका छन् ।

१६७. **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन** : मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ७ को उपदफा (२) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१६८. **<u>नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ मा संशोधन</u>** : नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को अनुसूचीको सट्टा देहायको अनुसूची राखिएको छः-

"अनुसूची

(दफा ३१ सँग सम्बन्धित)

शपथ

म............................................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही .............. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :-

नाम :-

सही :-"

१६९. **<u>नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ मा संशोधन</u>** : नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को अनुसूचीको सट्टा देहायको अनुसूची राखिएको छः-

"अनुसूची

(दफा ३१ सँग सम्बन्धित)

शपथ

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

म..........................................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही.................. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :-

नाम :-

सही :-”

१७०. **नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ मा संशोधन** : नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ को अनुसूचीको सट्टा देहायको अनुसूची राखिएको छः-

“अनुसूची

(दफा ३१ सँग सम्बन्धित)

शपथ

म..........................................मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही.......... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :-

नाम :-

सही :-"

१७१. **बिरुवा संरक्षण ऐन २०६४ मा संशोधन** : बिरुवा संरक्षण ऐन, २०६४ को दफा ३० को उपदफा (२) मा रहेका "पुनरावेदन अदालतमा" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालतमा" भन्ने शब्दहरु राखिएका छन् ।

१७२. **भन्सार ऐन, २०६४ मा संशोधन** : भन्सार ऐन, २०६४ को,-

(१) दफा ३९ को उपदफा (५) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

(२) दफा ५७ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा त्यस्तो मालवस्तु जफत गरी देहायको खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको विगो भए भन्सार अधिकृतले र खण्ड (ङ) र (च) बमोजिमको विगो भए जिल्ला अदालतले सो मालवस्तुको बिगो बमोजिमको जरिवाना र देहाय बमोजिमको कैद गर्न सक्नेछ :-

(क) दुई लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्मको बिगोमा एक महिनासम्म,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) दश लाख रुपैयाँभन्दा बढी पच्चीस लाख रुपैयाँसम्मको बिगोमा एक महिनादेखि तीन महिनासम्म,

(ग) पच्चीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्मको बिगोमा तीन महिनादेखि छ महिनासम्म,

(घ) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्मको बिगोमा छ महिनादेखि एक वर्षसम्म,

(ङ) एक करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म,

(च) पाँच करोड रुपैयाँभन्दा बढी बिगोमा तीन वर्षदेखि पाँच वर्षसम्म ।

(ख) उपदफा (२) को ठाउँ ठाउँमा रहेका "भन्सार अधिकृतले" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित भन्सार अधिकृत वा जिल्ला अदालतले" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपदफा (३) मा रहेका "भन्सार अधिकृतले" भन्ने शब्दहरुको सट्टा "भन्सार अधिकृत वा जिल्ला अदालतले" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) उपदफा (१५) मा रहेका "दुई वर्षसम्म कैद" भन्ने शब्दहरुको सट्टा "एक वर्षसम्म कैद" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ६० पछि देहायका दफा ६०क. र ६०ख. थपिएका छन् :-

"६०क. **नेपाल सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

६०ख. **मुद्दाको तहकिकात र दायरी** : (१) दफा ५७ को उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम सजाय हुने मुद्दाको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तहकिकात भन्सार अधिकृत वा निजले तोकिदिएको अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तहकिकात गर्ने अधिकृतले मुद्दाको तहकिकातको काम शुरु भएको पच्चीस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुद्दा दायर गर्नु अघि सरकारी वकीलको राय सल्लाह लिनु पर्नेछ ।"

१७३. **<u>सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा संशोधन</u>** : सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३४ मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१७४. **<u>वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन</u>** : वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ को उपदफा (१) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

१७५. **<u>व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ मा संशोधन</u>** : व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (क) र (घ) को सट्टा देहायका खण्ड (क) र (घ) राखिएका छन् :–

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(घ) "विपक्षी दलको नेता" भन्नाले संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदको विपक्षी दलको नेता सम्झनु पर्छ ।"

१७६. **<u>सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ मा संशोधन</u>** : सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को ठाउँठाउँमा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय

१७७. **सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधन** : सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को,-

(१) दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।"

(२) दफा ३६ मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

१७८. **पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ मा संशोधन** : पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को दफा ७ को उपदफा (२) को खण्ड (ङ) झिकिएको छ ।

१७९. **संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ मा संशोधन** : संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) को उपखण्ड (६) पछि देहायका उपखण्ड (७), (८), (९), (१०), (११), (१२), (१३) र (१४) थपिएका छन् :-

"(७) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष तथा सदस्यहरु,

(८) राष्ट्रिय महिला आयोगका अध्यक्ष तथा सदस्यहरु,

(९) राष्ट्रिय दलित आयोगका अध्यक्ष तथा सदस्यहरु,

(१०) राष्ट्रिय समावेशी आयोगका अध्यक्ष तथा सदस्यहरु,

(११) आदिवासी जनजाति आयोगका अध्यक्ष तथा सदस्यहरु,

(१२) मधेशी आयोगका अध्यक्ष तथा सदस्यहरु,

(१३) थारु आयोगका अध्यक्ष तथा सदस्यहरु,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(१४) मुस्लिम आयोगका अध्यक्ष तथा सदस्यहरु ।”

(ख) खण्ड (ग) मा रहेका “संविधानको धारा १४९” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा २८४” भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (घ) को सट्टामा देहायको खण्ड (घ) राखिएको छ :-

“(घ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।”

(२) दफा ३ को खण्ड (क) मा रहेका “संविधानको धारा १५५ को उपधारा (१)” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा २९२ को उपधारा (१)” भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ६ को उपदफा (३) मा रहेका “कम्तीमा पाँच जना” भन्ने शब्दहरुको सट्टा “कम्तीमा चार जना” भन्ने शब्दहरु राखिएका छन् ।

१८०. **<u>लोक सेवा आयोग ऐन, २०६६ मा संशोधन</u>** : लोक सेवा आयोग ऐन, २०६६ को दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

“(क) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।”

(ख) खण्ड (ख) मा रहेका “संविधानको धारा १२५” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा २४२” भन्ने शब्दहरु राखिएका छन् ।

१८१. **<u>घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन</u>** : घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा २ को खण्ड (ञ) मा रहेका “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका” भन्ने शब्द राखिएको छ ।

(२) ठाउँठाउँमा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

१८२. **सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ मा संशोधन** : सुदूरपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (ढ) झिकिएको छ ।

(२) दफा ३२ को उपदफा (१) को खण्ड (ग) मा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

१८३. **मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ मा संशोधन** : मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (ढ) झिकिएको छ ।

(२) दफा ३२ को उपदफा (१) को खण्ड (ग) मा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

१८४. **कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ मा संशोधन** : कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (थ) झिकिएको छ ।

(२) दफा ३२ को उपदफा (१) को खण्ड (ग) मा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

१८५. **मेलमिलाप सम्बन्धी ऐन, २०६८ मा संशोधन** : मेलमिलाप सम्बन्धी ऐन, २०६८ को,-

(१) दफा २ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

“(ञ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।”

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) दफा ३५ को उपदफा (१) मा रहेका “जिल्ला विकास समिति, गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका” भन्ने शब्द राखिएको छ ।

(३) ठाउँठाउँमा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

१८६. **राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा संशोधन** : राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) मा रहेका “संविधानको धारा १३१” भन्ने शब्दहरुको सट्टा “संविधानको धारा २४८” भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

“(झ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।”

(२) दफा ४ को उपदफा (१) मा रहेका “धारा १३२” भन्ने शब्दहरुको सट्टा “धारा २४९” भन्ने शब्दहरु राखिएका छन् ।

१८७. **कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ मा संशोधन** : कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा ७ को उपदफा (२) को खण्ड (ठ) झिकिएको छ ।

१८८. **जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ मा संशोधन** : जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को दफा ५ को उपदफा (३) र (४) मा रहेका “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह” भन्ने शब्दहरु राखिएका छन् ।

१८९. **सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ मा संशोधन** : सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा १८

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “जिल्ला अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

१९०. **<u>फोहरमैला व्यवस्थापन ऐन, २०६८ मा संशोधन</u>** : फोहरमैला व्यवस्थापन ऐन, २०६८ को,-

(१) दफा ४२ मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “जिल्ला अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखिएका छन्:-

(क) “स्थानीय निकाय” भन्ने शब्दहरुको सट्टा “स्थानीय तह”

(ख) “गाउँ विकास समिति” भन्ने शब्दहरुको सट्टा “गाउँपालिका”

१९१. **<u>पारस्परिक कानूनी सहायता ऐन, २०७० मा संशोधन</u>** : पारस्परिक कानूनी सहायता ऐन, २०७० को ठाउँठाउँमा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “उच्च अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

१९२. **<u>कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा संशोधन</u>** : कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ को दफा १६ मा रहेका “पुनरावेदन अदालत” भन्ने शब्दहरुको सट्टा “जिल्ला अदालत” भन्ने शब्दहरु राखिएका छन् ।

१९३. **<u>राष्ट्रिय युवा परिषद ऐन, २०७२ मा संशोधन</u>** : राष्ट्रिय युवा परिषद ऐन, २०७२ को,-

(१) दफा २ को खण्ड (घ) मा रहेको “नियममा” भन्ने शब्दको सट्टा “नियम वा विनियममा” भन्ने शब्दहरु राखिएका छन् ।

(२) दफा ११ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

“(ग) जिल्ला समन्वय समितिको प्रतिनिधि -सदस्य”

१९४. **बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ मा संशोधन** : बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ को दफा ७ को उपदफा (२) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

१९५. **रुपान्तर** : प्रचलित ऐनमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तर गरिएको छ :-

(क) "कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय", "कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय" वा "कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय"

(ख) "गाउँ विकास समितिका अध्यक्ष" भन्ने शब्दहरुको सट्टा "गाउँ कार्यपालिकाको अध्यक्ष"

(ग) "नगरपालिकाको प्रमुख" भन्ने शब्दहरुको सट्टा "नगर कार्यपालिकाको प्रमुख" ।

कानून न्याय, तथा संसदीय मामिला मन्त्रालय